# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, साउन ०१ गते, २०७९ साल (संख्या ०२

# भाग १

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७९ सालको ऐन नं ०१

<u>प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>:** प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर र शुल्क लगाउने तथा राजश्व सङ्कलन र राजश्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐनको दफा १२ तुरून्त प्रारम्भ हुनेछ र अन्य दफाहरु संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **<u>घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्कः</u>** (१) प्रदेशभित्र घर, जग्गा र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगायतका शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन घरजग्गा लगायतको रजिष्ट्रेशनका बखत सम्बन्धित स्थानीय तहले गर्नेछ। प्रदेश तथा स्थानीय तहमा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म संघीय आर्थिक ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयले यस ऐन बमोजिमको शुल्क उठाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेश र सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(३) मालपोत कार्यालयबाट पारित हुने लिखतमा लिइने रजिष्ट्रेशन शुल्क लगायतका शुल्कको प्रयोजनको लागि घर, जग्गा र घरजग्गा लगायतको मूल्याङ्कन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३. **सवारी साधन कर:** (१) प्रदेशभित्र सवारी साधन कर, सवारी साधन दर्ता प्रमाण पत्र नवीकरण दस्तुर, सवारी जाँचपास प्रमाण पत्र दस्तुर, सवारी दर्ता र सरूवा दस्तुर, सवारीको अस्थायी दर्ता दस्तुर, विदेशमा दर्ता भएका सवारी चलाउने अनुमति पत्र दस्तुर, सवारीको नामसारी दस्तुर, सेवाको नाम पञ्जिकरण दस्तुर, प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप, शोरूम तथा रिकन्डिशन हाउस सञ्चालन अनुमति पत्र दस्तुर तथा नवीकरण, विदेशमा दर्ता भएका (मालवाहक सवारी साधन बाहेकका) सवारी साधन लुम्बिनी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो रूट इजाजत दस्तुर, सवारी साधन सवारी चालक आवेदन दस्तुर, सवारी चालक अनुमति पत्र दस्तुर, नवीकरण दस्तुर, यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नवीकरण दस्तुर, बाटो इजाजत पत्र दस्तुर तथा आवेदन शुल्कलाई अनुसूची-२ बमोजिम लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर अनुसूची-२ को क्र.सं. (क) बमोजिमको दर अनुसार सङ्कलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सवारी साधन कर बाहेक अनुसूची-२ को क्र.सं.(ख) बमोजिमको शुल्क तथा दस्तुर अनुसार सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा र चालीस प्रतिशतले हुने रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सूत्र बमोजिम बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा साधन, स्रोत, प्रविधि तथा जनशक्ति व्यवस्थापन

नभएसम्म थ्री-ह्वीलर सवारी साधन (टेम्पो, अटोरिक्सा, ई-रिक्सा जस्ता) मा प्रदेश सरकारले यस ऐन बमोजिम कर लगाउने र उठाउनेछ। यसरी सङ्कलित कर उपदफा (२) बमोजिम दाखिला गरी प्रदेश र स्थानीय तह बीच उपदफा (४) बमोजिम बाँडफाँट गरिनेछ।

४. **<u>मनोरञ्जन करः</u>** (१) प्रदेशभित्र सञ्चालित मनोरञ्जन सेवामा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाईनेछ।

(२) उपदफा (१) बमोजिमको करको सङ्कलन सम्बन्धित स्थानीय तहले गर्नेछ र सङ्कलित कर प्रचलित कानून बमोजिम प्रदेश र स्थानीय तह बीच बाँडफाँट गर्नु पर्नेछ।

५. **<u>विज्ञापन करः</u>** प्रदेशमा विज्ञापन सामग्री बापतको विज्ञापन कर सम्बन्धित स्थानीय तहले कानून बमोजिम निर्धारण गरी असूल उपर गर्नेछ र सङ्कलित कर प्रचलित कानून बमोजिम प्रदेश र स्थानीय तह बीच बाँडफाँट गर्नु पर्नेछ।

६. **<u>कृषि आयमा करः</u>** (१) प्रदेशभित्र अनुसूची-४ बमोजिम कृषि आयमा कर लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम कर लगाउने कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ।

७. **<u>पर्यटन शुल्क</u>**ः (१) प्रदेशभित्र अनुसूची-५ बमोजिम कुनै व्यक्ति, संस्था वा निकायले पर्यटनसँग सम्बन्धित व्यावसाय सञ्चालनका लागि व्यावसायको दर्ता तथा नवीकरण शुल्क र पर्यटकीय स्थलमा प्रवेश गर्दा शुल्क लगाई असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क प्रदेश सरकारको पर्यटन विषय हेर्ने मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) प्रदेश सरकारले अन्यथा व्यवस्था गरेकोमा बाहेक स्थानीय तहभित्र रहेका उद्यान, पार्क, संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक र पुरातात्विक सम्पदामा प्रवेश गरे बापत सम्बन्धित स्थानीय तहले कानून बमोजिम पर्यटन शुल्क लगाई असूल उपर गर्न सक्नेछ।

८. <u>प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्क</u>ः (१) प्रदेशभित्र अनुसूची-६ बमोजिम ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, भस्कट, माटो र दहत्तर बहत्तरको सङ्कलनमा शुल्क लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित स्थानीय तहले यस ऐनमा उल्लिखित दरमा कम नहुने गरी प्रतिस्पर्धाको आधारमा बिक्री गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन सम्बन्धित स्थानीय तहले गर्नेछ र सङ्कलित रकम प्रदेश र स्थानीय तह बीच बाँडफाँट गर्नु पर्नेछ।

९. <u>वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुरः</u> (१) प्रदेशभित्र सिमेन्ट उत्पादन गर्ने उद्योगले उत्पादित सिमेन्ट उद्योगबाट निकासी गर्दा प्रतिबोरा (पचास के.जी.)मा एक रूपैयाँको दरले वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर लगाई असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर सिमेन्ट उद्योगले उद्योग रहेको जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमा त्रैमासिक रुपमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सङ्कलित रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सङ्कलन भएको दस्तुरको विवरण कार्यालयले त्रैमासिक रुपमा तालुक मन्त्रालय र आर्थिक मामिला तथा सहकारी मन्त्रालयमा पठाउनु पर्नेछ।

१०. **राजस्वको बाँडफाँट र दाखिलाः** यस ऐन बमोजिम प्रदेश र स्थानीय तहको साझा अधिकार भएका कर, शुल्क तथा दस्तुरबाट सङ्कलित राजस्वको रकम प्रदेश तथा स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गरी प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ बमोजिम बाँडफाँट गरी प्रदेश र स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

११. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आवश्यकता अनुसार यस ऐन र अन्य कानून बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र करमा आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा सहकारी मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको

शुल्क र कर रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

१२. **<u>प्राइभेट तथा साझेदारी फर्मको नवीकरण शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्थाः</u>** आर्थिक वर्ष २०७६/०७७ सम्मको वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका प्रचलित कानून बमोजिम दर्ता भएका प्राइभेट तथा साझेदारी फर्मले संवत् २०७९ साल पुष मसान्तभित्र विवरण बुझाउँदा जरिवाना तथा शुल्कको पाँच प्रतिशत रकम दाखिला गरेमा बाँकी जरिवाना तथा शुल्क मिनाहा हुनेछ।

१३. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>**ः प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद् तथा महामारीको कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएका बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१४. **<u>प्रदेश सरकारले तोके बमोजिम हुने</u>**ः- यस ऐनमा उल्लेख नभएका तर प्रदेश सरकार अन्तर्गतका निकायबाट प्रदान गरिने सेवा वापत लिईने शुल्क तथा दस्तुर लगायतका विषयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

## अनुसूची-१
### (दफा २ सँग सम्बन्धित)
### रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

**क. घरजग्गा लगायतका अन्य रजिष्ट्रेशन शुल्क**

| सि. नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्र | उप म.न.पा. क्षेत्र | न.पा. क्षेत्र | गा.पा. क्षेत्र |
| १ | **राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत** | | | | |
| | क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | ४% | ३% | २% | १% |
| | ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको | ५% | ४.५% | ४% | २% |

| | | | | | |
|---|---|---|---|---|---|
| | लिखतको थैली अङ्कमा | | | | |
| २ | क) छोडपत्र (आफ्नो हकहिस्साको थैली) | १. तीन पुस्ता भित्रकोमा वकस सरह<br>२. तीन पुस्ता बाहिरकोमा राजीनामा सरह | | | |
| | ख) दर्ताफारी (संयुक्त दर्तावाल बीचको कुल जग्गाको थैली अङ्कमा) | २.५% | २% | २% | १% |
| ३ | **हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा** | | | | |
| | क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, धर्मपुत्र, छोराबुहारी, छोरी, धर्मपुत्री, छोरीज्वाईँ, सासु, ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, काका, काकी, मामा, माइजु, भाञ्जा, भाञ्जी ठूलो-बुवा, ठूली-आमा (बावु तर्फका) आमाजु, नन्द, सौता- | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सौता र एकै दाजु भाइको छोरा, छोरी, फूपू र भदा भदै बीच। | | | | |
| | अ) रू.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | आ) रू.१ लाख भन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा<br>**<u>स्पष्टीकरण</u>**: यस प्रयोजनका लागि सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/ कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन। | १५% | १५% | १५% | १०% |
| ४ | **अंशवण्डा तथा अंश भरपाईको लिखतमा** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) रू.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% | ०.२% |
| | ख) रू.३० लाख भन्दा वढी रू. २ करोडसम्मको थैली अङ्कमा | ०.३% | ०.३% | ०.३% | ०.३% |
| | ग) रू. २ करोड भन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% | ०.५% |
| ५ | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | | | |
| | क) मानो छुट्टिएको प्रति लिखत | रू.१२०००।- | रू.११०००।- | रू.१००००।- | रू.५०००।- |
| | ख) मानो जोडिएको प्रति लिखत | रू.१५०००।- | रू. १२०००।- | रू.१००००।- | रू.५०००।- |
| ६ | **शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत** | | | | |
| | क) तीन पुस्ता भित्रको | रू. ७,०००।- | | | |
| | ख) तीन पुस्ता बाहिरको | रू.१२,०००।- | | | |
| ७ | दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमा | १% | १% | १% | १% |
| ८ | अधिकारनामा, मञ्जुरीनामा र | रू.२०००।- | रू.२०००।- | रू.२०००।- | रू.२०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | अख्तियारनामाको लिखत | | | | |
| ९ | दाखील खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% | १% |
| १० | सि.नं. ४ को अंशवण्डा तथा अंश भरपाईको लिखत घर वा जग्गा वा घरजग्गा दुवै भएको क्षेत्रको कुनै मालपोत कार्यालयबाट पारित गर्न सकिनेछ। सि.नं. १ देखि १५ सम्मका अन्य घर वा जग्गा वा घरजग्गा दुवै रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरू घर जग्गा भएको क्षेत्रको कार्य गर्ने कार्यालय बाहेक अन्य कार्यालयबाट पारित गर्न सकिने छैन। स्थायी ठेगाना भन्दा बाहेक अन्य क्षेत्रबाट अंशवण्डा वा अंश भरपाई गर्दा स्थायी ठेगाना भएको क्षेत्रमा यस अघि अंशवण्डा वा अंश भरपाई भए वा नभएको बुझि एकिन गर्नुपर्ने। | | | | |
| ११ | गुठी स्थापना लिखत (गुठी बापत दर्ता) | रू.५०००।- | रू.४०००।- | रू.३०००।- | रू.२५००।- |
| १२ | घर बहाल लिखत बापत पहिलो महिनाको बहाल रकमको | ५% | ४.५% | ४% | ३% |
| १३ | फलोपभोग (युजु फ्रक्टी) | रू.१०००।- | रू.८००।- | रू.७००।- | रू.५००।- |
| १४ | **शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दाः** | | | | |
| | क. शर्त संसोधन | रू.१५००।- | रू.१२००।- | रू.१०००।- | रू.५००।- |
| | ख. बकस पत्र रद्द | रू.२०००।- | रू.१७००।- | रू.१५००।- | रू.१०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | अन्य लिखत | | | | |
| | क. रकम खुलेकोमा | ३% | २.५% | २% | १% |
| | ख. रकम नखुलेकोमा | रू.७०००।- | रू.६०००।- | रू.५०००।- | रू.३०००।- |

**ख. <u>सेवा शुल्क</u>**

| सि. नं. | विवरण | सेवा शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | **म.न.पा. क्षेत्र** | **उप म.न.पा. क्षेत्र** | **न.पा. क्षेत्र** | **गा.पा. क्षेत्र** |
| १ | **लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्कः** | | | | |
| | क) तराई क्षेत्रमा | रू.१५०००।- | रू.१००००।- | रू.७०००।- | रू.३०००।- |
| | ख) अन्य क्षेत्रमा | रू.१५०००।- | रू.७०००।- | रू.५०००।- | रू.२०००।- |
| २ | **<u>वित्तीय धितो</u>**<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| | क) रू. १,००,०००।- सम्मको लिखतको थैली अङ्कमा | रू.१०००।- | रू.१०००।- | रू.१०००।- | रू.१०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) रू. १,००,०००।- भन्दा बढी रू. ५,००,०००।- सम्मको थैली अङ्कमा | रू.१५००।- | रू.१५००।- | रू.१५००।- | रू.१५००।- |
| | ग) रू. ५,००,०००।- भन्दा बढी रू.१०,००,०००।- सम्मको थैली अङ्कमा | रू.२५००।- | रू.२५००।- | रू.२५००।- | रू.२५००।- |
| | घ) रू.१०,००,०००।- भन्दा बढी रू.२०,००,०००।- सम्मको थैली अङ्कमा | रू.३०००।- | रू.३०००।- | रू.३०००।- | रू.३०००।- |
| | ङ) रू.२०,००,०००।- भन्दा बढी रू.५०,००,०००।- सम्मको थैली अङ्कमा | रू.५०००।- | रू.५०००।- | रू.५०००।- | रू.५०००।- |
| | च) रू. ५०,००,०००।- भन्दा बढी रू. १,००,००,०००।- सम्मको थैली अङ्कमा | रू.२००००।- | रू.२००००।- | रू.२००००।- | रू.२००००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | छ) रू १,००,००,०००।- भन्दा बढी रू.२,००,००,०००।-सम्मको थैली अङ्कमा | रू.३००००।- | रू.३००००।- | रू.३००००।- | रू.३००००।- |
| | ज) रू २,००,००,०००।- भन्दा बढी रू. ५,००,००,०००।- सम्मको थैलीमा अङ्कमा | रू.६५०००।- | रू.६५०००।- | रू.६५०००।- | रू.६५०००।- |
| | झ) रू.५,००,००,०००।- भन्दा बढी १०,००,००,०००।- सम्मको थैली अङ्कमा | रू.१०००००।- | रू.१०००००।- | रू.१०००००। | रू.१०००००। |
| | ञ) रू.१०,००,००,०००।- भन्दा बढी २५,००,००,०००।- सम्मको थैली अङ्कमा | रू.१५००००।- | रू.१५००००।- | रू.१५००००।- | रू.१५००००।- |
| | ट) रू.२५,००,००,०००।- भन्दा वढी जतिसुकै थैली अङ्कमा | रू.२०००००।- | रू.२०००००।- | रू.२०००००।- | रू.२०००००।- |
| | ठ) ऋण नवीकरण वा अन्य प्रयोजनका लागि घरजग्गा रोक्का भए नभएको एकीन गर्न | रू.१०००।- | रू.१०००।- | रू.१०००।- | रू.१०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सरकारी जग्गा लिजमा उपलव्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउन प्रदेश सरकारले नीति बनाई शुल्क तोक्न सक्नेछ। | | | |
| ४ | जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा (जुनसुकै प्रयोजनको लागि) | | | | |
| | क) तराई क्षेत्र | रू.६००।- | रू.५००।- | रू.३००।- | रू.२००।- |
| | ख) अन्य क्षेत्र | रू.६००।- | रू.३००।- | रू.२००।- | रू.१००।- |
| ५ | दाखील खारेज शुल्क | | | | |
| | क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिला खारेज गर्दा | ३% | २.५% | २% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | घ) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल | रू.१००००।- | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | च) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दा.खा. हुन आँउदा प्रति मिसिल | रू.५००।- | रू.४००।- | रू.३००।- | रू.२००।- |
| | छ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल | रू.५०००।- | रू.३०००।- | रू.१०००।- | रू.५००।- |
| | ज) शेषपछिको वकसपत्रको दाखिल खारेज | | | | |
| | अ) तीनपुस्ता भित्रको भए | सबै क्षेत्रका लागि बकस सरह | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आ) तीनपुस्ता बाहिरको भए (थैली अङ्क) मा | राजिनामा सरह | | | |
| ६ | **नामसारी** | | | | |
| | क) तीन पुस्ताभित्रको नामसारी गर्दा | रू.१५००।- | रू.१२००।- | रू.१०००।- | रू.५००।- |
| | ख) तीन पुस्ता भन्दा बाहिरको नामसारी गर्दा | रू.३५००।- | रू.३०००।- | रू.३०००।- | रू.१५००।- |
| ७ | **हाल साविक**<br>पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रू.१०००।- | रू.५००।- | रू.३००।- | रू.२००।- |
| ८. | **घर कायम**<br>श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रू.३०००।- | रू.२५००।- | रू.२५००।- | रू.१०००।- |
| ९ | **संशोधन शुल्क**<br>मालपोत ऐन, २०३४ को दफा | रू.१५००।- | रू.१०००।- | रू.१०००।- | रू.५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | | | | |
| १० | **रोक्का शुल्क** | | | | |
| | क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | | |
| | अ) रू.१,००,०००।- सम्मको ऋण अङ्कमा | रू.१०००।- | रू.५००।- | रू.५००।- | रू.३००।- |
| | आ) रू.१,००,०००।- भन्दा वढी रू.५,००,०००।- सम्म ऋण अङ्कमा | रू.१५००।- | रू.१०००।- | रू.१०००।- | रू.५००।- |
| | इ) रू. ५ लाख भन्दा बढी जतिसुकै ऋण अङ्कमा | रू.२०००।- | रू.१५००।- | रू.१५००।- | रू.१०००।- |
| | ई) ऋण अङ्क नखुलेकोमा | रू.७०००।- | रू.५०००।- | रू.५०००।- | रू.३०००।- |
| ११ | क)जग्गाधनी प्रमाण पुर्जा दस्तुर | निःशुल्क उपलब्ध गराइने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपी दस्तुर | रू.५००।- | रू.५००।- | रू.५००।- | रू.५००।- |
| १२ | घरजग्गा एकीकृत वा खण्डिकृत गर्दा प्रति मिसिल शुल्क | रू.२५०००।- | | | |

ग. **विविध**

| | |
|---|---|
| १ | जलविद्युत उद्योग, सौर्य उर्जा, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा सम्बन्धित स्थानीय तहको सिफारिका आधारमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित स्थानीय तहले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| २ | अधिकारनामा र शेषपछिको वकसपत्र लिखत बाहेक अन्य सवै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य रूपमा खुलाउनु पर्नेछ। |
| ३ | दुई वा दुई भन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनको लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा स्थानीय तहको सिफारिसका सोमा लाग्ने राजस्व मिनाह गरिनेछ। यसरी राजस्व मिनाहको सुविधा लिई चक्लाबन्दी गरेको जग्गाको कुनै पनि किसिमले हक हस्तान्तरण गर्न पाईने छैन्। |
| ४ | प्रदेशभित्र (सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य) उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा |

| | |
|---|---|
| | सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा सम्बन्धित स्थानीय तहको सिफारिसमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा सम्बन्धित स्थानीय तहले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ५ | माथि बुँदा नं. १, ३ र ४ बमोजिम छुट सुविधा लिन सम्बन्धित व्यवसाय दर्ताको प्रमाणपत्र पेश गर्नु पर्नेछ। |
| ६ | (क) प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर, सेवा शुल्क रू. १०००।- लाग्नेछ। |
| | (ख) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर, सेवा शुल्क रू. ५००।- लाग्नेछ। |
| ७ | (क) सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भै सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरू बीच ऋण लगानी/प्रवाह गर्दा दश लाख रूपैयाँसम्मको थैली अङ्कमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ। सोभन्दा माथिको थैली अङ्कमा खण्ड "ख" सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ तर रोक्का शुल्क छुट हुनेछ। |
| | (ख) यो ऐन प्रारम्भ भएपश्चात् प्रदेशभित्र बैंकिङ्ग तथा वित्तीय व्यावसाय र बीमा व्यावसाय गर्ने एकै प्रकृतिका |

| | |
|---|---|
| | निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क वाहेक अन्य शुल्क लाग्ने छैन। |
| ८ | जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहीदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता(पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ९ | (क) र (ख) वर्गका अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, दलित एवम् पिछडिएका जाती भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारीक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असूल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। |
| १० | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखत र शेष पछिको बकस पत्र दाखिला खारेजमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर, एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रू.१००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। |
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार |

| | |
|---|---|
| | गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचहत्तर प्रतिशत छुट दिइनेछ। तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित स्थानीय तहले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ११ | भूमिहीन मूक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| १२ | विविधको क्रमसंख्या ८, ९, १० र ११ बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एक भन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमा मात्र छुट दिइनेछ। |
| १३ | बैक, वित्तीय एवम् सहकारी संघ, संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नु पर्दा सेवा शुल्क असूल गर्ने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय एवम् सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्य कायम गर्नु पर्नेछ। |
| १४ | धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ, संस्था वा निकायले आफ्नो नाउँमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १५ | प्रदेशभित्र यो ऐन लागू हुँदाका वखत नेपाल सरकारबाट घोषणा भएका वा यसपछि घोषणा हुने नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची बमोजिमको घर जग्गा |

| | |
|---|---|
| | रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ। |
| १६ | सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी/हिमाली क्षेत्रमा दुई रोपनी, तराई र भित्री मधेशमा तीन कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क नियामक निकायको सिफारिसमा पूर्ण रूपमा छुट हुनेछ। तर, त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ। |
| १७ | एउटै कारोबारबाट दश लाख रूपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा क्रेताले बिक्रेताका नामको बैंक खातामा रकम जम्मा गरेको सम्बन्धित बैंकले दिएको निस्सा/पत्र/भौचरको प्रमाणित प्रतिलिपि पेश गरेपछि मात्र सम्बन्धित निकायले लिखत पारित गर्नेछ। |
| १८ | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १९ | तीनपुस्ताभित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रम संख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| २० | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |

| | |
|---|---|
| २१ | कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा मातहतका कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा मातहतका कुनै पनि निकाय वा सामुदायिक विद्यालयले खरिद गरी लिएमा वा लिलाम सकार गरेमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २२ | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| २३ | यस ऐन बमोजिमको छुट सुविधा यो ऐन प्रारम्भ भएको मिति देखि संवत् २०८० साल आषाढ मसान्तसम्मको अवधिमा कारोबार हुन आउने लिखतको हकमा मात्र कायम हुनेछ। |
| २४ | मालपोत कार्यालयबाट प्रवाह हुने सेवाहरु प्राप्त गर्नका लागि कारागारमा रहेका कैदीबन्दीले सम्बन्धित कारागार प्रमुख वा तोकिएको कर्मचारी समक्ष निवेदन गरेमा सो निवेदनलाई कारागार प्रमुख वा तोकिएको कर्मचारीले सम्बन्धित मालपोत कार्यालयमा पठाई सम्बन्धित मालपोत कार्यालयबाट कैदीबन्दीको माग बमोजिमको सेवा उपलब्ध गराउन अनुरोध सहितको पत्र तथा कागजात कारागार रहेको क्षेत्रको मालपोत कार्यालयमा प्राप्त हुन आएमा कारागार रहेको क्षेत्रको मालपोत कार्यालयले सही सनाखत गराउन आफ्नो कर्मचारीलाई डोर खटाउन सक्नेछ। यसरी सही सनाखत गराउँदा कारागार प्रमुख वा निजले तोकेको कर्मचारीको रोहबरमा गराउनु पर्नेछ। |
| २५ | यस अनुसूचीको प्रयोजनको लागि तराईक्षेत्र भन्नाले तराई र भित्रि मधेशका जिल्ला सम्झनु पर्छ। |

# अनुसूची-२
## (दफा ३ सँग सम्बन्धित)
## सवारी साधन कर, दर्ता तथा नवीकरण शुल्क दस्तुर

(क) सवारी साधन कर

| क्र.सं. | सवारीको किसिम | वार्षिक करको दर (रू.)मा |
|---|---|---|
| १ | निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
| | क) कार, जिप, भ्यान, माइक्रो बस | |
| | (अ) १००० सी.सी सम्म | २०,००० |
| | (आ) १००० सी.सी भन्दा माथि १५०० सी.सी सम्म | २२,००० |
| | (इ) १५०० सी.सी भन्दा माथि २००० सी.सी. सम्म | २५,००० |
| | (ई) २००० सी.सी भन्दा माथि २५०० सी.सी. सम्म | ३४,००० |
| | (उ) २५०० सी.सी भन्दा माथि २९०० सी.सी. सम्म | ४०,००० |

| | | |
|---|---|---|
| | (ऊ) २९०० सी.सी भन्दा माथि सबै | ५६,००० |
| | **ख) डोजर, एक्साभेटर, लोडर, रोलर, टि्रपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटि्रपर** | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, टि्रपर, क्रेन जस्ता मेशिनरी उपकरण | ४०,००० |
| | (आ) मिनीटि्रपर | ३०,००० |
| | **ग) ह्वीलर, टेम्पो, ई-रिक्सा, ट्रेक्टर, पावर टिलर** | |
| | (अ) थ्री ह्वील टेम्पो | ५,००० |
| | आ) थ्री ह्वील ई-रिक्सा | ३,००० |
| | (इ) हारबेष्टर, मझौला ट्रेक्टर र ट्रेक्टर | |
| | i) कृषि प्रयोजन कम्बाइन हारबेष्टर | ४,००० |
| | ii) कृषि तथा गैरकृषि प्रयोजन मझौला ट्रेक्टर | ८,००० |
| | iii) गैरकृषि प्रयोजन मझौला ट्रेक्टर | ११,००० |
| | iv) कृषि तथा गैरकृषि प्रयोजन ट्रेक्टर | ११,००० |
| | v) गैरकृषि प्रयोजन ट्रेक्टर | १५,००० |
| | (ई) पावर टिलर | २,००० |
| | **घ) मिनिट्रक/मिनिबस** | २३,५०० |
| | **ङ) ट्रक/बस** | ३३,५०० |

| | | |
|---|---|---|
| | **(च) मोटरसाईकल/ स्कुटर** | |
| | अ) १२५ सी.सी. सम्मको | २,६०० |
| | आ) १२५ सी.सी भन्दा माथि १६० सी.सी. सम्म | ४,५०० |
| | इ) १६० सी.सी भन्दा माथि २५० सी.सी. सम्म | ५,५०० |
| | ई) २५० सी.सी भन्दा माथि ४०० सी.सी. सम्म | ११,००० |
| | उ) ४०० सी.सी. भन्दा माथि सबै | २५,००० |
| | **(छ) निजी विद्युतीय सवारी साधनमा** | |
| | अ) **मोटरसाईकल/स्कुटर** | |
| | i) ५०० वाटसम्म | १,००० |
| | ii) ५०० वाट भन्दा माथि १००० वाटसम्म | १,५०० |
| | iii) १००० वाट भन्दा माथि १५०० वाटसम्म | २,००० |
| | iv) १५०० वाट भन्दा माथि सबै | ३,००० |
| | **आ) कार, जिप, भ्यान र माइक्रोबस** | |
| | i) ४९ किलो वाटसम्म | १०,००० |
| | ii) ४९ किलो वाट भन्दा माथि १२५ किलो वाटसम्म | १५,००० |
| | iii) १२५ किलो वाट भन्दा माथि २२५ किलो वाटसम्म | २०,००० |

| | | |
|---|---|---|
| | iv) २२५ किलो वाट भन्दा माथि सबै | ३०,००० |
| २ | **भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| | (क) कार, जिप, भ्यान, माइक्रो बस | |
| | (अ) १००० सी.सी.सम्म | ८,५०० |
| | (आ) १००० सी.सी. भन्दा माथि १५०० सी.सी. सम्म | १०,००० |
| | (इ) १५०० सी.सी. भन्दा माथि २००० सी.सी. सम्म | ११,००० |
| | (ई) २००० सी.सी. भन्दा माथि २५०० सी.सी.सम्म | १३,००० |
| | (उ) २५०० सी. सी. भन्दा माथि २९०० सी.सी. सम्म | १४,००० |
| | (ऊ) २९०० सी. सी. भन्दा माथि ४००० सी.सी. सम्म | १५,००० |
| | (ए) ४००० सी.सी. भन्दा माथि सबै | १७,००० |
| | (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | २०,००० |
| | (ग) थ्री ह्वीलर र टेम्पो | ४,००० |
| | (घ) ट्रेक्टर | ११,००० |
| | (ङ) पावर ट्रिलर | १,५०० |
| | (च) मिनीट्रक, मिनीबस | १४,००० |
| | (छ) मिनी ट्रिपर | १५,००० |

| | | |
|---|---|---|
| | (ज) ट्रक/ट्याङ्कर | १७,००० |
| | (झ) बस | १६,००० |
| | (ञ) ग्यास बुलेट | २०,००० |
| ३ | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, पर्यटक सवारी र सार्वजनिक संस्थानका नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ। | |
| ४ | भाडामा दर्ता हुने विद्युतीय माध्यमबाट सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि उल्लिखित क्रम संख्या १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। | |
| ५ | विद्युतीय माध्यमबाट चल्ने निजी सवारी साधनमा लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ। | |
| ६ | शुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर लगाईनेछ। तर, व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। | |
| ७ | उत्पादनका मितिले पन्ध्र वर्ष भन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्ष भन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर, यस्तो सवारी साधनको कुल कर रकम उक्त सवारी साधनको लागि तोकिएको कर रकमको दोब्बरभन्दा बढी हुने छैन। वीस वर्ष भन्दा पुराना कुनै पनि सवारी साधनको स्वामित्व परिवर्तन गरिने छैन। | |
| ८ | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, | |

| | |
|---|---|
| | जन आन्दोलनमा घाइतेलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तोकिएको करमा साठी प्रतिशत छुट पाउनेछन्। प्रदेश सरकारको कुनै निकायबाट अनुगमन गर्दा सो बमोजिमको छुट दिएको नपाईएमा छुट दिएको रकम र सोही बराबर जरिवाना गरी असूल उपर गरिनेछ। |
| ९ | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा बढीमा तीन बर्षसम्मका लागि अग्रिम रूपमा बुझाउन सक्नेछन्। यसरी अग्रिम रूपमा तीन वर्षको एकमुष्ठ कर भुक्तानी गरी नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ। अन्यथा छुट हुने छैन। |
| १० | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११ | क्रम संख्या १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स र शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १२ | दश लाख रूपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| १३ | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन। |
| १४ | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रूपैयाँ |

| | |
|---|---|
| | वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ। तर, यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन। |
| १५ | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन। तर अन्य शुल्क लाग्नेछ। |
| १६ | यस ऐन बमोजिम छुट सुविधा उपलब्ध गराउँदा दुई वा सो भन्दा बढी छुट सुविधा पाउने अवस्था भएमा जुन शीर्षकमा सबै भन्दा बढी छुट सुविधा उल्लेख भएको छ सो मात्र छुट हुनेछ। |
| १७ | लुम्बिनी प्रदेश बाहेक अन्य प्रदेशमा सवारी साधन दर्ता गरी सञ्चालनमा रहेका र यस प्रदेशभित्र सरुवा सहमति लिई स्थानान्तरण गर्न चाहनेहरुका लागि यस प्रदेशमा सवारी साधन दर्ता दस्तुरमा शत प्रतिशत र सवारी साधन करमा एक वर्षको वार्षिक करमा पचास प्रतिशत छुट दिइनेछ। |
| १८ | सवारी साधन कर सबै सवारी धनीले प्रत्येक आर्थिक बर्षको चैत्र मसान्त वा सवारी दर्ता किताव नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद समाप्त भएको मितिले नब्बे दिनभित्र बुझाई सक्नुपर्नेछ। सोहि म्यादभित्र नबुझाएको खण्डमा सोही आर्थिक बर्षको अन्त्यसम्मलाई बीस प्रतिशतका दरले जरिवाना समेत लिई सवारी साधन कर दाखिला गराउनु पर्नेछ। विगत आर्थिक बर्षमा कर दाखिला नगरी जरिवानामा परेको र चालु आर्थिक वर्षमा तोकिएको म्यादभित्र कर दाखिला गर्न आउने सवारी धनीसँग विगत आर्थिक वर्षको नियमानुसारको जरिवाना असूल गर्ने र चालु आर्थिक वर्षको जरिवाना नलाग्ने। |
| १९ | यस प्रदेशमा सवारी साधन दर्ता भई तीन वर्ष भन्दा बढि अवधिको वार्षिक सवारी साधन कर नबुझाएका र |

| | |
|---|---|
| | नवीकरण समेत नभएका सवारी साधनमध्ये सवारी साधन दर्ता प्रमाण पत्र लगत दर्ता किताब र अभिलेखबाट कट्टा नभएका सवारी साधनको हकमा सवारी धनी वा व्यवस्थापकले संवत् २०७९ साल चैत्र मसान्तभित्र हालसम्मको सवारी साधन कर,नवीकरण दस्तुर र पछिल्लो दुई वर्षको जरिवाना थप दस्तुर बुझाएमा बाँकी जरिवाना थप दस्तुर मिनाहा हुनेछ । |

**(ख) सवारी साधन आवेदन दस्तुर, दर्ता शुल्क, नवीकरण शुल्क तथा अन्य दस्तुर जरिवाना**

**(१) सवारी दर्ता र सवारी सरूवा दर्ता दस्तुर**

| सि.न. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रू. |
|---|---|---|---|
| १ | ठुला सवारी | निजी | १५०० |
| | | सार्वजनिक | २५०० |
| २ | मझौला सवारी | निजी | १००० |
| | | सार्वजनिक | १५०० |
| ३ | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो र | निजी | ८०० |

| | | | |
|---|---|---|---|
| | पावरट्रिलर) | सार्वजनिक | १४०० |
| ४ | मोटर साइकल/ स्कुटर | निजी | ३०० |
| | | सार्वजनिक | ५०० |

**<u>स्पष्टीकरण:</u>** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

## २) सवारी साधनको अस्थायी दर्ता दस्तुर

| सि.न. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रू. |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | ८०० |
| | | सार्वजनिक | १५०० |
| २ | मझौला सवारी | निजी | ६०० |
| | | सार्वजनिक | १००० |
| ३ | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरट्रीलर) | निजी | ५०० |
| | | सार्वजनिक | ८०० |
| ४ | मोटर साइकल/ स्कुटर | निजी | २०० |

| | | | |
|---|---|---|---|
| | | सार्वजनिक | ३०० |
| **<u>स्पष्टीकरणः</u>** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ। | | | |
| **३) सवारी साधन दर्ता प्रमाण पत्र नवीकरण दस्तुर** | | | |
| **सि.न.** | **सवारी वर्गीकरण** | **सवारीको किसिम** | **दस्तुर रू.** |
| १ | ठूला सवारी | निजी | ५०० |
| | | सार्वजनिक | ८०० |
| २ | मझौला सवारी | निजी | ३०० |
| | | सार्वजनिक | ५०० |
| ३ | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरट्रिलर) | निजी | २०० |
| | | सार्वजनिक | ३०० |
| ४ | मोटर साइकल/ स्कुटर | निजी | १०० |
| | | सार्वजनिक | २०० |

**स्पष्टीकरणः** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

**४) सवारी साधनको नामसारी दस्तुर**

| सि.न. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रू. |
|---|---|---|---|
| १ | ठूला सवारी | निजी | ८०० |
| | | सार्वजनिक | १५०० |
| २ | मझौला सवारी | निजी | ६०० |
| | | सार्वजनिक | १००० |
| ३ | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो र पावरट्रिलर) | निजी | ५०० |
| | | सार्वजनिक | ८०० |
| ४ | मोटर साइकल/ स्कुटर | निजी | २०० |
| | | सार्वजनिक | ३०० |

**स्पष्टीकरणः** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

| ५) वार्षिक बाटो इजाजत पत्र दस्तुर र नवीकरण(चौध सिटसम्म क्षमता भएका सार्वजनिक सवारी साधनलाई मात्र) | | |
|---|---|---|
| सि.न. | बाटो दुरी (कि.मी.) | वार्षिक बाटो इजाजत दस्तुर (रु.) |
| १ | १ देखि ५० कि.मि. सम्म | १४०० |
| २ | ५१ देखि १०० कि.मि. सम्म | १७०० |
| ३ | १०१ देखि १५० कि.मि. सम्म | २००० |
| ४ | १५१ देखि २५० कि.मि. सम्म | २३०० |
| ५ | २५१ देखि ३०० कि.मि. सम्म | २६०० |

| ६) वार्षिक बाटो इजाजत पत्र दस्तुर र नवीकरण (सार्वजनिक सवारी साधनलाई मात्र लाग्ने) | | | |
|---|---|---|---|
| सि.न. | बाटो दुरी (कि.मी.) | सवारीको वर्गीकरण र वार्षिक दस्तुर(रू.) | |
| | | ठूला र मझौला बस, मिनिवस आदि | ठूला र मझौला ट्रक, मिनिट्रक आदि |
| १ | १ देखि ५० कि.मि सम्म | १७०० | २००० |

| | | | |
|---|---|---|---|
| २ | ५१ देखि १०० कि.मि. सम्म | २००० | २३०० |
| ३ | १०१ देखि १५० कि.मि सम्म | २७०० | ३००० |
| ४ | १५१ देखि २०० कि.मि सम्म | ३००० | ३६०० |
| ५ | २०१ देखि २५० कि.मि सम्म | ३३०० | ३९०० |
| ६ | २५१ देखि ३०० कि.मि सम्म | ३९०० | ४५०० |
| ७ | ३०१ देखि ३५० कि.मि सम्म | ४२०० | ४८०० |
| ८ | ३५१ देखि ४०० कि.मि सम्म | ४५०० | ५१०० |
| ९ | ४०१ देखि ४५० कि.मि सम्म | ५००० | ५४०० |
| १० | ४५१ देखि ५०० कि.मि सम्म | ५६०० | ६३०० |
| ११ | ५०१ देखि ५५० कि.मि सम्म | ६३०० | ६९०० |
| १२ | ५५१ देखि ६०० कि.मि सम्म | ६९०० | ७२०० |
| १३ | ६०१ देखि ६५० कि.मि सम्म | ७५०० | ७८०० |
| १४ | ६५१ देखि ७०० कि.मि सम्म | ८१०० | ८७०० |

| | | | |
|---|---|---|---|
| १५ | ७०१ कि.मि. भन्दा माथि | ९३०० | १०५०० |

**७) तोकिएका निश्चित क्षेत्रभित्रको बाटो (रूट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने वार्षिक बाटो इजाजत दस्तुर**

| सि.न. | सवारीको वर्गीकरण | वार्षिक बाटो इजाजत दस्तुर (रू.) |
|---|---|---|
| १. | चौध सिट वा सो भन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सवारी र एक टनसम्म क्षमता भएका ट्याक्टर र पावरट्रिलर | १७०० |
| २. | मिटर भएका ट्याक्सी | १७०० |
| ३. | मिटर भएका ट्याम्पो | १४०० |

**८) वार्षिक जाँचपास प्रमाणपत्र दस्तुर**

| सि.नं. | सवारी वर्गीकरण | वार्षिक दस्तुर (रू.) |
|---|---|---|
| १ | ठुला सवारी | १००० |
| २ | मझौला तथा साना सवारी | ८०० |

**<u>स्पष्टीकरणः</u>** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सरह लाग्नेछ।

**९) यातायात सेवाको नाम पञ्जिकरण दस्तुर**

| सि.न. | पुँजी | दस्तुर (रू.) |
|---|---|---|
| १ | रू. १५ लाखसम्म | १००० |
| २ | रू. १५ लाख भन्दा बढी रु ५० लाखसम्म | २५०० |
| ३ | रू. ५० लाख भन्दा बढी जतिसुकै | ४००० |

**नोटः** तर थप गर्न प्रति सवारी साधन साना सवारी रू. ५००।-, मझौला सवारी साधन रू.१०००।- र ठूला सवारी साधन रू.१५००।-लाग्नेछ।

**१०) यातायात सेवा सञ्चालन गर्ने नवीकरण दस्तुर**

| सि.न. | पुँजी | दस्तुर रू. |
|---|---|---|
| १ | रू. १५ लाख सम्म | १००० |
| २ | रू. १५ लाख भन्दा बढी रु ५० लाख सम्म | ३००० |
| ३ | रू. ५० लाख भन्दा बढी जतिसुकै | ५००० |

**११) सवारी साधन चालक प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुर**

| सि.न. | सवारी वर्गीकरण | अनुमती पत्र दस्तुर (रू) | वार्षिक नवीकरण दस्तुर (रु) |
|---|---|---|---|
| १ | मोटरसाइकल, स्कुटर र मोपेड | ४००० | २५०० |
| २ | तीन र चार पाङ्ग्रे साना सवारी (टेम्पो, कार, जिप र भ्यान) | ६००० | ४००० |
| ३ | ठुला तथा मझौला (ट्रक, बस, मिनि ट्रक, मिनिबस र माईक्रोबस) | ७००० | ५००० |
| ४ | हेभी इक्युपमेन्ट (रोलर, डोजर, एक्साभेटर, लोडर, क्रेन तथा अन्य निर्माण कार्यमा प्रयोग हुने) | ८००० | ६००० |

**नोटः** एकभन्दा बढी वर्गीकरणको सवारी सम्बन्धी प्रशिक्षण केन्द्र, कारखाना र वर्कसप सञ्चालन गर्दाको हकमा जुनवढी हुन आउँछ सोही वर्गीकरणमा परेको सवारी साधनको दस्तुर लाग्नेछ।

**१२) सवारी साधन बिक्री शोरुम र रिकन्डिसन हाउस सञ्चालन अनुमति पत्र दस्तुर र वार्षिक नवीकरण दस्तुर**

| सि.नं. | स्थिर पुँजी | अनुमति पत्र दस्तुर (रू.) | नवीकरण दस्तुर (रू.) |
|---|---|---|---|
| १ | रू. ३ करोडसम्म (साना उद्योग) | ६००० | ३००० |
| २ | रू. ३ करोड देखि १० करोडसम्म (मझौला उद्योग) | १०००० | ५००० |
| ३ | रू. १० करोड देखि माथि (ठूला उद्योग) | ३०००० | १५००० |

**१३) विदेशमा दर्ता भएका (मालवाहक सवारी साधन वाहेकका) सवारी साधन लुम्बिनी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो (रूट) शुल्क**

| सि.न. | सवारीको वर्गीकरण | एक दिन भन्दा बढी प्रतिदिन लाग्ने दस्तुर (रू.) |
|---|---|---|
| १ | साना सवारी (मो.सा. र स्कुटर, तीन पाङ्ग्रे समेत) | १०० |
| २ | मझौला सवारी | १५० |
| ३ | ठूला सवारी | २०० |
| **नोटः-** नेपाल र अन्य मुलुक बीच दुई पक्षीय सन्धी/सम्झौता भएका विषयमा सोही सन्धी/सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। | | |

**१४) सवारी चालक अनुमति पत्र आवेदन दस्तुर, अनुमति पत्र नवीकरण दस्तुर**

| सि.नं. | सवारीको किसिम/वर्ग | आवेदन दस्तुर रू. | सवारी चालक अनुमतिपत्र दस्तुर रू. | नवीकरण दस्तुर रू. |
|---|---|---|---|---|
| १ | मोटर साईकल/स्कुटर/मोपेड नयाँ | ५०० | १५०० | १५०० |

| | | | | |
|---|---|---|---|---|
| २ | मोटर साईकल/स्कुटर/मोपेड थप | ५०० | १००० | १५०० |
| ३ | कार, जीप, पावर टेलर नयाँ | ५०० | २००० | २००० |
| ४ | कार, जीप, पावर टेलर थप | ५०० | १००० | २००० |
| ५ | टेक्टर नयाँ | ५०० | २५०० | २५०० |
| ६ | टेक्टर थप | ५०० | १००० | २५०० |
| ७ | मिनिवस/ट्रक थप | ५०० | १००० | २५०० |
| ८ | ट्रक/बस, लहरी थप | ५०० | १००० | ३००० |
| ९ | H1,H2, H3, I1,I2, I3, J1, J2, J3, J4, J5 | ५०० | ३००० | ३००० |
| १० | H1,H2, H3, I1,I2, I3, J1, J2, J3, J4, J5 थप | ५०० | १००० | ३००० |
| ११ | प्रमाणीकरण | १००० | - | - |

**१५) विदेशमा दर्ता भएको सवारी चलाउने अनुमति पत्रको दस्तुर**

| सि.नं. | सवारीको वर्गीकरण | दस्तुर रू. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | ठूला सवारी र मझौला सवारी | २००० |
| २ | साना सवारी | १००० |

| | |
|---|---|
| १६ | बाटो इजाजत पत्रको म्याद समाप्त भएको मितिले १५ दिनसम्म लाग्ने दस्तुर लिई नवीकरण गरिनेछ। त्यसभन्दा पछाडी ३० दिनसम्म अर्थात शुरुबाट ४५ दिनसम्म दोब्बर दस्तुर लगाई नवीकरण गरिनेछ। त्यस पछि शुरु देखि पहिलो ६ महिनासम्म तेब्बर र त्यस पछाडि प्रत्येक ६ महिनाको लागि एक पटक लाग्ने इजाजत दस्तुर थप र रू. ५ हजार जरिवाना गरी बाटो इजाजत पत्र नवीकरण गरिनेछ। |
| १७ | सवारी जाँचपासको अवधि समाप्त भएको मितिले ७ दिनभित्र लाग्ने दस्तुर लिई जाँचपास प्रमाण पत्र उपलब्ध गराइनेछ। त्यस भन्दा पछाडी ३५ दिनसम्म अर्थात शुरुबाट ४२ दिनसम्म दोब्बर दस्तुर र म्याद समाप्त भएको शुरु देखि ६ महिना भित्रसम्म लाग्ने दस्तुरको तेब्बर र रू. ३०००।- जरिवाना गरिनेछ। त्यस पछिको समयमा गर्दा शुरुको ६ महिनाभित्रको अवधिको लाग्ने दस्तुर र जरिवाना सहित त्यस पछिको प्रत्येक ६ महिनाको एक पटक मानी लाग्ने शुल्क थप गर्दै जानुपर्नेछ। जुनसुकै बखत जाँचपास गर्दा सवारी साधन नियमानुसार दुरुस्त भएको हुनुपर्ने अन्यथा जाँचपास खारेज गरिनेछ। |

| | |
|---|---|
| १८ | पटके बाटो प्रति ५० कि.मि.को लागि इजाजत दस्तुर रू. १००।-, सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपी दस्तुर रू. ५००।-, जाँचपास प्रमाणपत्र र बाटो (रूट) इजाजत प्रमाणपत्रको प्रतिलिपी रू.३००।-, प्रदुषण स्टिकर दस्तुर रू.१००।- र नेपालमा कायम भएको बाटोमा सञ्चालन गर्ने ठूला तथा मझौला, पर्यटक सवारी, संस्थानमा सवारी र भाडाका ट्रकमा राष्ट्रव्यापी बाटो इजाजत (नेशनल परमिट) दस्तुर वार्षिक रू.२०,०००।- लाग्नेछ। |
| १९ | सवारी जाँचपास प्रमाण पत्र दस्तुर तथा बाटो इजाजत पत्र (रूट परमिट) नवीकरण दस्तुर वार्षिक रुपमा लिई नवीकरण गर्नु पर्नेछ। तर कुनै सार्वजनिक सवारी साधनको तोकिएको आयु एक बर्ष भन्दा कम भएमा बाँकी रहने अवधिको लागि दामासाहीले नवीकरण दस्तुर लिई नवीकरण गर्नु पर्नेछ। |
| २० | नामसारीको लागि सवारी साधन बिक्री गर्ने वा खरिद गर्ने व्याक्ति सवारी दर्ता भएको सम्बन्धित यातायात व्यवस्था कार्यालयमा उपस्थित भई सवारी साधन खरिद बिक्री गर्न मञ्जुर भई सहिछाप गरी सनाखत प्रमाणित गर्न माग गरेमा दुई पाङ्ग्रे सवारी साधनको लागि रू.५००।-, तीन पाङ्ग्रे सवारी साधनको लागि रू.८००।- र अन्य साना ठुला सवारी साधनको लागि रू.१५००।- रकम दस्तुर लिई सनाखत प्रमाणित गरिनेछ। यसरी प्रमाणित भएको सनाखतको मान्य अवधि ३० दिन मात्र हुनेछ। |
| २१ | सवारी साधनको नामसारी गर्दा कारणवश सवारी धनी कार्यालयमा उपस्थित हुन नसक्ने भनी डोर खटाउन निवेदन दिएमा कार्यालयमा आउन नसक्ने कारण कार्यालय प्रमुखलाई मनासिव लागेमा सम्बन्धित कार्यालयको क्षेत्राधिकारभित्र तराईको जिल्ला भएमा रू.५०००।- र पहाडी/हिमाली जिल्लाको लागि रू. |

| | |
|---|---|
| | ८०००।- दस्तुर लिई डोर खटाउन सकिनेछ। |
| २२ | कारागारमा रहेका कैदीबन्दीले सम्बन्धित कारागार प्रमुख वा तोकिएको कर्मचारी समक्ष आफ्नो सवारी साधन बिक्री गरी नामसारीको लागि सही सनाखत गर्न निवेदन गरेमा सो निवेदनलाई कारागार प्रमुख वा तोकिएको कर्मचारीले कैदीवन्दीको माग बमोजिमको सेवा उपलब्ध गराउन अनुरोध सहितको पत्र तथा कागजात कारागार रहेको क्षेत्रको यातायात व्यवस्था कार्यालयमा प्राप्त हुन आएमा कारागार रहेको क्षेत्रको यातायात व्यवस्था कार्यालयले सही सनाखत गराउन आफ्नो कर्मचारीलाई डोर खटाउन सक्नेछ। यसरी सही सनाखत गराउँदा कारागार प्रमुख वा निजले तोकेको कर्मचारीको रोहवरमा गराउनु पर्नेछ। |

## अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| सि.नं. | विवरण | करको दर |
|---|---|---|
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा टिकट मूल्यको | ५ प्रतिशत |
| २ | क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति | रू.१००।- |
| ३ | भिडियोघर, कन्सर्ट, दोहोरी साझ, डान्सवार तथा नाइट क्लव प्रवेश गर्ने ग्राहकबाट प्रतिव्यक्ति | रू.२५।- |
| ४ | सांस्कृतिक प्रदर्शन हल, थियटर/नाटक घर, फनपार्क, वाटरगार्डेन, बालउद्यान, फुटसल, जुम्वा, मसाज एवम् स्पा, जीपलाईन, बन्जिजम्प, स्वीमिङ्ग पुल र पार्क प्रवेश गर्दा एकमुष्ठ प्रति टिकट/बील मूल्यको | ५ प्रतिशत |

५.सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रर्दशनीमा टिकट व्यवस्था भएकोमा टिकट मूल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहाय बमोजिमको दरमा मनोरञ्जन कर लाग्नेछः-

| सि. नं. | विवरण | कार्यक्रम | जिल्लाको वर्ग अनुसार करको दर (रू.मा) | | |
|---|---|---|---|---|---|
| | | | क वर्ग | ख वर्ग | ग वर्ग |
| १ | सर्कस, खेल, मेला, जादु, चटके | १ दिन सम्मको | ७,०००।- | ४,०००।- | २,०००।- |
| | | ३ दिन सम्मको | १८,०००।- | १०,०००।- | ५,०००।- |
| | | ५ दिन सम्मको | ३०,०००।- | १८,०००।- | ८,०००।- |
| | | ७ दिनसम्म | ४२,०००।- | २५,०००।- | १२,०००।- |
| | | ८ देखि १५ दिनसम्म | ७५,०००।- | ४०,०००।- | २०,०००।- |
| | | १६ देखि ३० दिन सम्म | १,००,०००।- | ६०,०००।- | ३०,०००।- |

**<u>स्पष्टीकरण</u>**ः यस प्रयोजनको लागि जिल्लाहरूको वर्गीकरण देहाय बमोजिम हुनेछः-

"क" वर्गमा पर्ने जिल्लाहरूः नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु,दाङ्ग, बाँके र बर्दिया

"ख" वर्गमा पर्ने जिल्लाहरूः पाल्पा, गुल्मी, अर्घाखाँची र प्यूठान

"ग" वर्गमा पर्ने जिल्लाहरूः रोल्पा र रूकुम (पूर्व)

६. ३० दिन भन्दा माथिको सर्कस, खेल, मेला, जादु,चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नु पर्नेछ।

७. टि.भी. केवल नेटवर्कको हकमा शुल्कको १ प्रतिशत र डिश टि.भी. को हकमा रिचार्ज रकमको २ प्रतिशतका दरले कर लाग्नेछ।

# अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

## कृषि आयमा कर

| सि.नं. | आयको वर्गीकरण | करको दर |
|---|---|---|
| १ | घोषित आय रू. १०,००,०००।- सम्म | छुट |
| २ | घोषित आय रू. १०,००,०००।- भन्दा माथि रू.१५,००,०००।- सम्म | २% |
| ३ | घोषित आय रू. १५,००,०००।- भन्दा माथि रू.२०,००,०००।- सम्म | ५% |
| ४ | घोषित आय रू.२०,००,०००।- भन्दा माथिको हकमा पहिलो २० लाखसम्म सि.नं. ३ बमोजिम त्यसपछिको २० लाखमा २%, त्यसभन्दा माथिको जुनसुकै रकममा ३% का दरले कर लाग्नेछ। | |

## अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

**पर्यटन व्यावसाय दर्ता, नवीकरण शुल्क तथा पर्यटकीय स्थल प्रवेश शुल्क**

**(१) पर्यटन व्यावसाय दर्ता तथा नवीकरण शुल्कः**

**(क) पर्यटकस्तरको होटेल, आवास, लज, रेष्टुराँ तथा रिसोर्ट, पव तथा वार दर्ता तथा नवीकरण शुल्कः**

| सि.नं | होटेलको किसिम | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | | | |
|---|---|---|---|---|---|---|
| | | | म्यादभित्र | म्याद नाघेको | | |
| | | | | तीन महिना सम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप |
| १ | साधारण होटेल | ५०००।- | ५०००।- | २५% | ५०% | १००% |
| २ | पर्यटक आवास (साधारण) | १००००।- | १००००।- | २५% | ५०% | १००% |
| ३ | पर्यटक आवास (डिलक्स) | ४००००।- | ४००००।- | २५% | ५०% | १००% |
| ४ | लज, रेष्टुरा तथा रिसोर्ट, पव तथा बार | ५०००।- | ५०००।- | २५% | ५०% | १००% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | डान्सवार, मोटल, साउना, ज्याकुजी सेन्टर, जीमक्लव, स्वीमिङ्ग पुल, हेल्थ क्लव, नाइट क्लव | ५०००।- | ५०००।- | २५% | ५०% | १००% |
| ६ | कफिसप | २०००।- | २०००।- | २५% | ५०% | १००% |

**(ख) एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्कः**

| सि.नं. | एजेन्सीको किसिम | इजाजत शुल्क रू. | नवीकरण शुल्क रू. | | | |
|---|---|---|---|---|---|---|
| | | | म्यादभित्र | म्याद नाघेको | | |
| | | | | तीन महिनासम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप |
| १ | साहसिक पर्यटन तथा जलयात्रा एजेन्सी | २००००।- | २५०००।- | २५% | ५०% | १००% |
| २ | ट्रेकिङ्ग एजेन्सी | २००००।- | २५०००।- | २५% | ५०% | १००% |
| ३ | ट्राभल एजेन्सी | २५०००।- | २५०००।- | २५% | ५०% | १००% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | पर्यटक यातायात | २५०००।- | २५०००।- | २५% | ५०% | १००% |

**(ग) साहसिक पर्यटन एजेन्सीद्वारा सञ्चालन गरिने क्रियाकलापहरुका लागि वार्षिक इजाजत शुल्कः**

| सि.नं. | क्रियाकलाप | वार्षिक इजाजत शुल्क रू. |
|---|---|---|
| १ | स्कीईङ्ग | २००००।- |
| २ | वञ्जी जम्प | ३००००।- |
| ३ | जीप फ्लायर | ३००००।- |
| ४ | क्यानोनिङ | ३००००।- |
| ५ | क्यानोपि वाकिङ्ग | १५०००।- |
| ६ | अन्य साहसिक गितिविधि | ४००००।- |

<u>**नोटः**</u> सि.नं.६ को हकमा साहसिक गतिविधि/क्रियाकलाप सञ्चालन गर्न निवेदन पर्न आएमा प्रदेश सरकारको पर्यटन विषय हेर्ने मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले सञ्चालन गर्न उपयुक्त देखेमा तोकिएको शुल्क लिई सञ्चालन गर्न इजाजत दिन सक्नेछ।

**(घ) मनोरञ्जनात्मक पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः**

| **सि.नं.** | **क्रियाकलाप** | **दर्ता शुल्क रू.** | **वार्षिक नवीकरण शुल्क रू.** |
|---|---|---|---|
| १ | केवलकार प्रति डब्बा | ७०००।- | ३०००।- |
| २ | एम्युज्मेन्ट पार्क वा फन पार्क | २००००।- | ४०००।- |
| ३ | अन्य पार्क | १५०००।- | ३०००।- |
| ४ | चिल्ड्रेन पार्क, सर्कस, फुटसल, पिकनिक स्पट | १००००।- | ३०००।- |

(अ) यदि कसैले एक महिनाभित्र इजाजत पत्र नवीकरण गराउन नसकेको भएमा इजाजत पत्र प्राप्त व्यक्तिले त्यस्तो इजाजत पत्र नवीकरण गराउन चाहेमा यो ऐन प्रारम्भ भएको एक वर्षभित्र प्रति वर्ष दर्ता शुल्कको शत प्रतिशतका दरले दस्तुर लिई एक पटकको लागि प्रदेश सरकारको पर्यटन विषय हेर्ने मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले नवीकरण गरिदिन सक्नेछ।

(आ) माथि उल्लेख भए बमोजिमको म्यादभित्र पनि कसैले इजाजत पत्र नवीकरण नगरेमा त्यस्तो इजाजत पत्र स्वतःरद्द हुनेछ।

**(ङ) गाईडको इजाजत तथा नवीकरण शुल्कः**

**(अ) गाईडको इजाजत शुल्कः**

| सि.नं. | किसिम | शुल्क रू. |
|---|---|---|
| १ | रिभर गाईड | २०००।- |
| २ | ट्रेकिङ्ग गाईड | २०००।- |
| ३ | ट्रेकिङ्ग पोर्टर गाईड | २०००।- |
| ४ | अन्य गाईड | २०००।- |

**(आ) गाईडको इजाजत पत्र नवीकरण शुल्कः**

| सि.नं. | किसिम | शुल्क रू. |
|---|---|---|
| १ | इजाजतको म्याद समाप्त हुनु अगावै | २०००।- |
| २ | म्याद समाप्त भए पछिको तीन महिनासम्म | २५००।- |
| ३ | म्याद समाप्त भए पछिको छ महिनासम्म | ३०००।- |
| ४ | म्याद समाप्त भए पछिको एक वर्षसम्म | ४०००।- |

(२) प्रदेशभित्रका आफ्नो स्वामित्वमा रहेका पर्यटकीय स्थलहरूको प्रवेश शुल्कमा टिकट मूल्यको पाँच प्रतिशतका दरले पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ।

## अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

**प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्क**

| सि.नं. | विवरण | इकाई | दर | |
|---|---|---|---|---|
| | | | तराईका जिल्लाहरू | पहाडका जिल्लाहरू |
| १ | ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, स्लेट | प्रति क्यूव फिट | रू.८।- | रू.६।- |
| ४ | भस्कट | प्रति क्यूव फिट | रू.४।- | रू.३।- |
| २ | माटो | प्रति क्यूव फिट | रू.३।- | रू.१।- |
| ३ | दहत्तर बहत्तर | प्रति के.जी. | रू.२।- | रू.१।- |

यस अनुसूचीमा जुन सुकै कुरा लेखिएको भएतापनि तराईका जिल्लाका स्थानीय तहसँग सिमाना जोडिएका भू-भागबाट पहाडी जिल्लाका स्थानीय तहले प्राकृतिक स्रोतको बिक्री गर्दा तराईका जिल्लाको लागि तोकिएको दररेटका आधारमा गर्नु पर्नेछ।

प्रमाणीकरण मितिः २०७९/०३/२७

**आज्ञाले**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय